जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १३७ २०८२ साल पुस १४ गते सोमबार (29 Dec 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन आचारसंहिता... ३ पृष्ठमा : म्यान्मामा सेनाले सत्ता कब्जा ... ३ पृष्ठमा विद्यार्थी नेताका हत्याराहरू ...

# चिसो बढेपछी सप्तरीका दुई पालिकाको विद्यालय बन्द





**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

विगत एक सातादेखी बढेको चिसोसँगै चलेको शितलहरले जनजीवन प्रभावित बन्न थालेपछी सप्तरीका एकपछी अर्को पालिकाले विद्यालयमा बिदा दिने निर्णय गर्न थालेको छ ।

जाडोयाममा सबैभन्दा बढी बालबालिका र बृद्धबृद्धा प्रभावित हुने गरेका छन् । सोही कुरालाई मध्यनजर गर्दै जिल्लाको डाक्नेश्वरी नगरपालिका र राजगढ गाउँपालिकाले विद्यालयमा पाँच दिनका लागि विदा दिने निर्णय गरेको हो ।

डाक्नेश्वरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार मण्डलले पालिका अन्तर्गतका सबै नीजि तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि विदा दिइएको जानकारी दिएका छन् ।

पालिकाले आईतबार एक सूचना जारी गर्दै पुस १४ सोमबारदेखि लागू हुने गरी पुस १८ गते शुक्रबारसम्म पाँच दिनको विदा दिइएको जनाइएको छ ।

यस्तै आइतबारै राजगढ गाउँपालिकाकी कार्यवाहक अध्यक्ष रेणुदेवी मण्डलद्वारा जारि सूचनामा अत्याधिक रुपमा बढेको चिसो तथा शितलहरका कारण विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै पाँच दिनका लागि बिदा दिने जनाइएको छ ।

जारि सूचनामा पालिका अन्तरगत संचालित सम्पूर्ण विद्यालयहरुमा वर्षे र हिउँदे विदाबाट कट्टा हुने गरि सोमबारदेखी शुक्रबारसम्म प्रशासनिक कार्य बाहेक नियमित पठनपाठन कार्य बन्द रहने र पुस २० गते आइतबारदेखी पुनःसंचालन हुने उल्लेख छ ।

यसअघि जिल्लाको बोदेबरसाइन नगरपालिकाले चिसो बढेको कारण पुस ९ देखी १३ गतेसम्म पाँच दिनका लागि विद्यालयमा विदा दिएको थियो ।

नगरप्रमुख आतेशसिंह यादवद्वारा जारी सूचनामा शितलहरका कारण बढेको अत्यधिक चिसोका कारण सामान्य जनजीवन प्रभावित भई बालबालिकाहरुलाई विद्यालय आउन जान असहज हुने भएकोले बर्तमान परिस्थितिलाई मध्यनजर गर्दै विद्यालयहरु बन्द गरिएको उल्लेख छ ।

सप्तरीमा विगत एकसातादेखि चिसो बढेको र तीन दिनदेखि चलेको शितलहरले जनजिवन प्रभावित बन्दै गएको छ । विहान बेलुका हुस्सु लाग्ने र दिउँसो चिसो हावा चल्ने गरेका कारण बालबालिका, वृद्ध, पशु चौपाया समेत प्रभावित भएका छन् ।

# दाउरा बाँड्दै नगरपालिका



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

अत्याधिक चिसोले जनजीवन कष्टकर बन्दै जाँदा राजविराज नगरपालिकाले नगर क्षेत्रभित्र दाउरा वितरण सुरु गरेको छ ।

आईतवार एकाविहान ट्याक्टरमा दाउरा बोकेर निस्केकी कार्यवाहक नगर प्रमुख इसरत परवीन, वडाअध्यक्ष तथा नगरपालिकाका कर्मचारीको टोलीले नगरको चौक/चौक र अस्पतालमा दाउरा वितरण सुरु गरेको हो ।

शीतलहर तथा चिसोबाट सर्वसाधारणलाई जोगाउन दाउरा वितरण थालिएको जनाउँदै उनले अत्यधिक चिसो भएकाले अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन समेत सबैमा आग्रह गरिन् । नगरका चौक चौकमा दाउरा बालेको देखेर काम विशेषले बजार निस्केका सर्वसाधारण आगो ताप्दै आफुलाई न्यानो पार्ने प्रयासमा जुटेका छन । एक साता यता बढेको अत्यधिक चिसोका कारण जिल्लाको दैनिकी कष्टकर बनेको छ ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

# विष्णुपुर सप्तरीको चौथो बाल विवाहमुक्त पालिका




**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

सप्तरीको विष्णुपुर गाउँपालिकालाई बाल विवाहमुक्त घोषणा गरिएको छ । सातवटा वडा रहेको गाउँपालिकाको सबै वडा बाल विवाहमुक्त घोषणा भइसकेपछी एक समारोहबीच पालिकालाई आइतबार बाल विवाहमुक्त घोषणा गरिएको हो ।

यसअघी सप्तरीको सुरुङ्गा नगरपालिका, खडक नगरपालिका र छिन्नमस्ता गाउँपालिका बाल विवाह मुक्त घोषणा भइसकेको छ ।

गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले घोषणा पत्र पढेर पालिकालाई बाल विवाहमुक्त घोषणा गरे । कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री उमेश यादवले बाल विवाह मुक्त घोषणा सभाको उद्घाटन गरे ।

पालिकालाई बालविवाह मुक्त घोषणा गर्न विगत एक वर्षदेखी सेभ द सप्तरी, सेभ द चिल्ड्रनको सहयोग तथा वडा कार्यालयलले सबैको साथ लिई बालविवाह मुक्त अभियान संचालन निर्देशीका २०८० बमोजिम गरेको विभिन्न कार्यक्रम अभियान र प्रयास पश्चात १२ बुँदे स्पष्ट सूचक प्राप्त भएकाले त्यसैका आधारमा यस्तो घोषणा गरिएको सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवले जानकारी दिए ।

उनले बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, समाजिक तथा आर्थिक समस्या बारे चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफनो क्षेत्रबाट योगदान गर्नू पर्नेमा जोड समेत दिए ।

नेपालको कानुनले विवाह गर्ने

***बाँकी दुई पृष्ठमा***

## उपभोक्ता अधिकारको संरक्षण गरौं।

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
- कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
- नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
- वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
- वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं।
- वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
- निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
- भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# शिक्षाको गुणस्तरमा डिजिटल शिक्षाको विस्तार आवश्यक

सप्तरी जिल्लामा शिक्षाको पहुँच विस्तार भए पनि गुणस्तर भने निरन्तर खस्किँदै गएको यथार्थ लुकाउन सकिँदैन । विद्यालय संख्या बढेका छन्, भौतिक संरचना कतिपय ठाउँमा सुधारिएको छ, तर सिकाइ उपलब्धि र शैक्षिक परिणाम अपेक्षित स्तरमा पुग्न सकेका छैनन् । यसले अभिभावक, शिक्षक र सरोकारवालालाई गम्भीर चिन्तामा पारेको छ । गुणस्तर खस्किनुको पहिलो कारण शिक्षक व्यवस्थापन र प्रेरणाको कमी हो । पर्याप्त तालिम नपाएका, नियमित कक्षा नलिने, पाठ्यक्रम भन्दा बाहिरका गतिविधिमा अल्झिने शिक्षकका कारण विद्यार्थीको सिकाइ प्रभावित भएको छ । अनुगमन कमजोर हुँदा उत्तरदायित्वको भावना पनि कमजोर बन्दै गएको छ ।

सामुदायिक विद्यालयप्रति विश्वास घट्नु अर्को चुनौती हो । निजी विद्यालयतर्फ आकर्षण बढ्दा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ । विद्यार्थी कम हुँदा प्रतिस्पर्धा र सिकाइ वातावरण कमजोर बन्छ, जसले दीर्घकालमा विद्यालयको समग्र स्तर झन् खस्काउँछ । यस्तै पूर्वाधार र सिकाइ सामग्रीको अभाव अझै पनि धेरै विद्यालयमा देखिन्छ । प्रयोगशाला, पुस्तकालय, डिजिटल सामग्री र खेलमैदानको कमीले व्यवहारिक र सृजनात्मक सिकाइ अवरुद्ध बनाएको छ । ग्रामीण भेगमा त आधारभूत सुविधा समेत अपुरो छ । अभिभावकको सीमित सहभागिता पनि ठूलो कारक हो । आर्थिक अभाव, श्रमको दबाब र चेतनाको कमीका कारण धेरै अभिभावकले बालबालिकाको पढाइमा आवश्यक समय र निगरानी दिन सकेका छैनन् ।

तसर्थ शिक्षकको नियमित तालिम, कडा अनुगमन, मेरिटका आधारमा प्रोत्साहन, विद्यालयमा आवश्यक स्रोत-साधनको सुनिश्चितता र डिजिटल शिक्षाको विस्तार आवश्यक छ भने अभिभावक-शिक्षक सहकार्यलाई संस्थागत गर्दै सामुदायिक विद्यालयप्रतिको विश्वास पुनःस्थापित गर्न सकिन्छ ।


डा. भगवती यादव
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# निर्वाचन आचारसंहिता स्वीकृत

काठमाडौँ, १३ पुस (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि  जारी हुने निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी सरोकारवालालाई त्यसमा भएका व्यवस्थाहरुबारे सार्वजनिक जानकारी गराएको छ ।

आयोगको वेबसाइटमा आइतबार प्रकाशित आचारसंहिता आगामी माघको पहिलो सातादेखि लागू गर्ने आयोगको तयारी छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आयोगले आचारसंहितामा विगतमा झैँ कतिपय बुँदालाई परिमार्जन गरी नयाँ आचारसंहिता तयार गरेको हो । आयोगले आचारसंहिताको मस्यौदामा प्राप्त सुझावलाई समेटेर स्वीकत गेरको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागू हुनेछ ।

यस्तै निर्वाचन अचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाईलगातलाई लागु हुनेछ ।

यस्तै सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागु हुनेछ । निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न हरेक निर्वाचनअघि यस्तो आचारसंहिता जारी गरिन्छ ।

# ‘पात्रो प्रकाशन गर्ने निर्णय अन्तरराष्ट्रिय सम्मेलनमार्फत गरिनुपर्छ’

काठमाडौँ, १३ पुस (रासस) ।

नेपालबाट प्रकाशित हुने पात्रो (पञ्चाङ्ग) कुन सिद्धान्तका आधारमा गर्ने भनी नेपालका विद्वानहरूले मात्र निर्णय गर्न नसकिनेमा जोड दिइएको छ । विश्व ज्योतिष महासङ्घको राष्ट्रिय समिति नेपाल, नेपाल ज्योतिष परिषद्, दक्षिण एसियाली ज्योतिष महासङ्घ र राष्ट्रिय महिला ज्योतिष सङ्घको संयुक्त आयोजनामा शनिबार राजधानीमा भएको राष्ट्रिय ज्योतिष सम्मेलनमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले चाडपर्व र संस्कृति अन्य देशसँग पनि एकापसमा सम्बन्धित रहेकाले निर्णय पनि संयुक्त रूपमा गरिनुपर्ने बताउनुभएको हो । यसका लागि अन्य देशका ज्योतिषविद् पनि बोलाएर सम्मेलन गरी निर्णयमा पुग्नुपर्ने सुझाव समितिले पेस गरेको छ ।

नेपाल, भारतलगायत देशका ज्योतिषीको सम्मेलनले संयुक्त रूपमा निर्णय नगरिए भारतका भक्तजन अघिल्लो दिन महाशिवरात्रि भनेर पशुपतिनाथमा आउने र नेपालले अर्कै दिनमा मनाउने अवस्था आउन सक्नेतर्फ पनि उहाँले ज्योतिषीहरूको ध्यानाकर्षण गराउनुभएको थियो । यस्तो अवस्था जनकपुरमा मनाइने विवाह पञ्चमीमा हुनसक्ने पनि अध्यक्ष ढकालको भनाइ थियो ।

कार्यक्रममा समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले २०८३ सालको पात्रो २०८२ सालकै जस्तोगरी प्रकाशन गरिने र २०८४ सालमा पात्रो प्रकाशन गर्नुअघि विस्तृत छलफल गरेर गरिने बताउनुभयो । कार्यक्रममा विश्व ज्योतिष महासङ्घका केन्द्रीय अध्यक्ष लोकराज पौडेलले २०८४ सालको पात्रो आकाशमा जुन अवस्थामा ग्रहहरू छन्, त्यही स्वरुप पात्रोमा झल्कने गरी प्रकाशन गरिनुपर्ने माग गर्नुभएको थियो ।

कार्यक्रममा समितिका पूर्वअध्यक्ष प्रा श्रीकृष्ण अधिकारी, पूर्वकार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल, महासङ्घ नेपाल समितिका अध्यक्ष देवराज गौतमलगायत ज्योतिषीले पात्रो सुधार गरिनुपर्ने, नेपालको ज्योतिष एवं धर्मशास्त्रको क्षेत्रमा पनि सुधार गरिनुपर्नेमा जोड दिनुभएको थियो ।

# मेची भन्सारमा ‘अनलाइन भ्यालुएसन सफ्टवेयर’ लागू

झापा, १३ पुस (रासस) ।

पूर्वीनाका काँकरभिट्टास्थित मेची भन्सार कार्यालयमा परीक्षणका रूपमा ‘अनलाइन भ्यालुएसन सफ्टवेयर’ प्रणाली लागू भएको छ ।

सन्दर्भ मूल्य सूचीको साटो कारोबर मूल्यलाई नै आधार मानेर व्यापारिक वस्तुको यथार्थ भन्सार मूल्याङ्कन हुने भएको हुँदा यस प्रणालीले भन्सार प्रणालीलाई पारदर्शी र छरितो तुल्याउने मेची भन्सार कार्यालयका प्रमुख कर अधिकृत शिवलाल न्यौपानेले जानकारी दिनुभयो ।

मेची भन्सारसहित मुलुकका आठवटा भन्सारका परीक्षणका रूपमा अनलाइन भ्यालुएसन सफ्टवेयर प्रणाली लागू गरिएको जनाइएको छ । झापाको मेची भन्सार र भद्रपुर भन्सार कार्यालयमा पुसको दोस्रो सातादेखि यो प्रणाली लागू गरिएको हो ।

वैध व्यापारलाई प्रोत्साहन गरिने भएकाले प्रणालीबाट राजस्व चुहावटमा कमी आउने प्रमुख कर अधिकृत न्यौपानेले बताउनुभएको छ । विश्व व्यापार सङ्गठनले अनलाइन भ्यालुएसन प्रणाली लागू गर्न आफ्ना सदस्य मुलुकलाई आग्रह गर्दै आएको थियो ।

प्रणाली शुभारम्भ गर्न आउनुभएका अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीले यस प्रणालीबाट भन्सारमा हुने विभिन्न किसिमका अनियमिता र अनौपचारिक कारोबारमा कमी आउने बताउनुभयो । उहाँले सरकारले भन्सारमा सुशासन र करदातामैत्री व्यवस्थालाई प्रोत्साहित गरिरहेको जनाउँदै प्रणाली कार्यान्वयनमा निजी क्षेत्रले सहजीकरण गर्नुपर्ने बताउनुभयो ।

मेची भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा रु १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व सङ्कलनको वार्षिक लक्ष्य लिएको छ । जसमध्ये चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्मको पाँच महिनामा रु छ अर्ब ८२ करोड दुई लाख ७२ हजार राजस्व सङ्कलन गरिसकेको कार्यालयले जनाएको छ ।

# काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी अलैँची निर्यात

झापा, १३ पुस (रासस) ।

चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा काँकडभिट्टा नाकाबाट सबैभन्दा बढी निर्यात हुनेमा अलैँची शीर्ष स्थानमा छ । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार उक्त अवधिमा रु पाँच अर्ब ५३ करोड ३२ लाख ४९ हजारको अलैँची भारततर्फ निर्यात भएको छ ।

कार्यालयका अनुसार उक्त अवधिमा रु एक अर्ब ८५ करोड ६२ लाख सात हजारको चिया र रु ८३ करोड ७० लाख ८६ हजारको प्लाइउड निर्यात भएको छ । साथै रु ४८ करोड ५२ लाख ७३ हजारको छुर्पी, रु ४४ करोड ९९ लाख ११ हजारको भेनियर सिट, रु ३७ करोड ४५ लाख ३८ हजारको अदुवा र सुठो, रु ३० करोड ४१ लाख ४९ हजारको अम्रिसो र रु ११ करोड ३१ लाख ९१ हजार मूल्य बराबरको काउली र बन्दागोपी निर्यात भएको छ ।

साथै, रु नौ करोड १२ लाख ८७ हजारको मुसुरो र रु तीन करोड ७८ लाख ८३ हजार मूल्य बराबरको फलामे पाता पनि निर्यात भएको भन्सारले जनाएको छ ।

# राष्ट्रियसभाको अधिवेशन अविलम्ब बोलाउन कांग्रेसको माग

काठमाडौँ, १३ पुस (रासस) ।

नेपाली कांग्रेसले राष्ट्रियसभाको अधिवेशन अविलम्ब बोलाउन माग गर्दै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग भेटवार्ता गरेको छ ।

कांग्रेस राष्ट्रियसभाका प्रमुख सचेतक कृष्णबहादुर रोकाय नेतृत्वको टोलीले आइतबार अध्यक्ष दाहाललाई भेटेर कांग्रेस संसदीय दलको निर्णबारे जानकारी गराउँदै सो माग गरेको हो । भेटमा राष्ट्रियसभा सदस्य कमला देवी पन्त, किरणबाबु श्रेष्ठ, विष्णु सापकोटा र पदम परियारलगायत सहभागी हुनुहुन्थ्यो ।

यही पुस १० गते बसेको कांग्रेस संसदीय दलको बैठकले ‘देशमा बदलिएको राजनीतिक विषम परिस्थितिमा असंवैधानिक ढङ्गबाट प्रतिनिधिसभा विघटन भएको भन्दै राष्ट्रियसभाको अधिवेशन आह्वान गर्न माग गर्ने निर्णय गरेको थियो ।

जनताका आवाज उठाउने सार्वभौम सङ्घीय संसद्अन्तर्गत राष्ट्रियसभा मात्र कायम रहेको हुँदा राष्ट्रियसभाको बैठक बस्न आवश्यक भएकाले अविलम्ब राष्ट्रियसभाको अधिवेशन आह्वान गर्न कांग्रेसले माग गरेको थियो ।

*विष्णुपुर सप्तरीको ...*

उमेर २० वर्ष तोकेको छ । त्यसैकारण घोषणा सभाको मुख्य नारा “नै करु वियाह के बात, बियाह करु बीस के बाद” (केटा केटीको उमेर २० वर्ष नपुगे सम्म विहेको कुरा नसोचौ नगरौ) तय गरिएको सेभ द सप्तरीका शिक्षा अधिकृत दुर्गानन्द शर्माले बताए ।

सो अवसरमा वडाअध्यक्ष लोचन साह, भोगेन्द्र यादव, जिवछ मण्डल, पालिकाका प्रशासन प्रमुख गंगाराम साह, सेभ द चिल्ड्रेनका सिनियर म्यानेजर उमेश गुप्ता, सिनियर प्राजेक्ट संयोजक मकर बहादुर सार्की लगायतले पनि शुभकामना दिएका थिए ।

# म्यान्मामा सेनाले सत्ता कब्जा गरेपछि पहिलो पटक निर्वाचन



याङ्गुन, १३ पुस (रासस/एपी) ।

म्यान्मामा सेनाले सन् २०२१ मा सत्ता कब्जा गरेपछि पहिलो पटक आयोजना गरिएको आम निर्वाचनको प्रारम्भिक चरणअन्तर्गत आइतबार मतदान सुरु भएको छ । तर देशका धेरै भागमा गृहयुद्ध जारी रहेकाले यो निर्वाचन सुरुदेखि नै विवादको घेरामा परेको छ ।

तीन चरणमा हुने यो निर्वाचनको अन्तिम परिणाम जनवरीमा थप दुई चरणको मतदान सम्पन्न भएपछि मात्र स्पष्ट हुनेछ । पहिलो चरणमा देशका ३३० मध्ये १०२ स्थानमा मतदान भइरहेको छ । दोस्रो चरण जनवरी ११ र तेस्रो चरण जनवरी २५ मा हुने तय भएको छ । निर्वाचनको अन्तिम नतिजा फेब्रुअरीसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

सत्ता कब्जापछि निरङ्कुश शासन चलाउँदै आउनुभएका वरिष्ठ जनरल मिन आङ ह्लाइङले निर्वाचनपछि राष्ट्रपति पद सम्हाल्नुहुने व्यापक अनुमान गरिएको छ । सैनिक सरकारले निर्वाचनलाई 'चुनावी लोकतन्त्रतर्फ फर्कने प्रक्रिया' का रूपमा चित्रण गरे पनि प्रमुख विपक्षी दलहरूलाई प्रतिबन्ध लगाइएको र मतदातालाई डर-धम्की दिइएको आरोपले यसको वैधानिकता कमजोर बनाएको छ ।

राष्ट्रिय तथा क्षेत्रीय विधानसभाका लागि ५७ दलबाट चार हजार ८०० भन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन् । तर देशव्यापी रूपमा प्रभाव जमाउने सम्भावना भएका दलहरू सीमित छन् । सेनाको समर्थन प्राप्त युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी सबैभन्दा सङ्गठित र बलियो प्रतिस्पर्धी मानिएको छ ।

आलोचकहरूले यो निर्वाचनलाई सैन्य शासनलाई वैधानिकता दिन गरिएको 'ढोङ' भनेका छन् । फेब्रुअरी २०२१ मा निर्वाचित प्रधानमन्त्री आङ सान सुकीको सरकार अपदस्थ गरेपछि सुरु भएको सैन्य शासनलाई नागरिक शासनको आवरण दिन निर्वाचन डिजाइन गरिएको उनीहरूको आरोप छ । सन् २०२० को चुनावमा नेसनल लिग फर डेमोक्रेसीले ठूलो जित हासिल गरे पनि सुकी र उहाँको दललाई पुनः सत्तामा आउनबाट रोकिएको थियो ।

विपक्षी दलहरूको बहिष्कार, अभिव्यक्ति स्वतन्त्रतामाथिको कडाइ र दमनको वातावरणका कारण नतिजामा जनइच्छाको प्रतिबिम्ब नदेखिने उनीहरूको तर्क छ । संयुक्त राष्ट्रसङ्घका लागि म्यान्मासम्बन्धी मानव अधिकार विज्ञ टम एन्ड्रुजले सामाजिक सञ्जालमा लेख्दै भन्नुभएको छ, "नागरिक र राजनीतिक नेताहरूलाई जेल हाल्दै बन्दुकको डरमा गराइएको प्रक्रिया निर्वाचन होइन, नाटक मात्र हो ।"

यद्यपि, निर्वाचन आयोजनाले चीन, भारत र थाइल्यान्डजस्ता छिमेकी देशलाई सैनिक सरकारलाई समर्थन जारी राख्न कूटनीतिक बहाना दिन सक्ने विश्लेषकहरूको भनाइ छ । पश्चिमी मुलुकहरूले भने म्यान्माका जनरलहरूमाथि प्रजातन्त्रविरोधी कदम र विपक्षमाथिको दमनका कारण प्रतिबन्ध कायमै राखेका छन् ।

मतदानका दिन नागरिकहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । याङ्गुनको एक मतदान केन्द्रमा मत हाल्नुभएकी ५१ वर्षीया खिन मार्लरले शान्ति आउने आशामा मतदान गरेको बताउनुभयो । लडाइँका कारण गाउँ छाड्नुपरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "शान्ति भएपछि गाउँ फर्कने आशाले मतदान गरिरहेकी छु ।"

तर केही मतदाताले सेनाको दबाब महसुस गरेको बताएका छन् । मोन राज्यकी एक महिलाले सैनिकहरूले बन्दुकसहित गाउँमा आएर मतदान गर्न दबाब दिएको दाबी गर्नुभयो । मानव अधिकार समूहहरूका अनुसार यस्ता धम्कीका घटनाहरू मतदानअघि नै देखिएका थिए ।

असी वर्षीया पूर्व नेत्री आङ सान सुकी हाल २७ वर्षको जेल सजाय भोगिरहनुभएको छ । उहाँको दल नेसनल लिग फर डेमोक्रेसी नयाँ सैन्य नियमअनुसार दर्ता गर्न अस्वीकार गरेपछि सन् २०२३ मा विघटन गरिएको थियो । अन्य धेरै दलहरूले पनि निर्वाचन बहिष्कार गरेका छन् ।

सन् २०२१ देखि हालसम्म २२ हजारभन्दा बढी व्यक्ति राजनीतिक कारणले हिरासतमा छन् भने सात हजार ६०० भन्दा बढी सर्वसाधारण सुरक्षा बलद्वारा मारिएको तथ्याङ्क सार्वजनिक छ । गृहयुद्धका कारण ३६ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् । यस्तो अवस्थामा पनि शक्ति अन्ततः जनरल मिन आङ ह्लाइङकै हातमा रहने विश्वास दुवै पक्षमा देखिन्छ ।


महादेवा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बथनाहा, सप्तरी

स्था.२०७३ मधेस प्रदेश, नेपाल

बिषय :- दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना ।

प्रकाशित मिति :-२०८२।०९।१४

प्रस्तुत बिषयमा यस महादेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बथनाहा, सप्तरीको मिति २०८२/०८/२५ गते प्रकाशित सुचना बमोजिमतोकिएकोमिति भित्र रितपूर्वक दर्ता भएका शिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन गर्दामुल्यांकन समितिको मिति २०८२।०९।१३गतेको निर्णय बमोजिम देहायको शिलबन्दी दरभाउपत्रन्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिदऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृतिको लागी छनौट भएको हुँदा ऐ, ऐन को दफा २७ को उपदफा २ तथा सोही ऐन को दफा ४७ प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशन गरीएको छ।

तपसिल

| क्र.स. | ठेक्का न. | कार्यको विवरण | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | MRM/SQ/HEALTH-1-2082/083 | औषधि तथा सर्जिकल सामान खरिद | श्रीअकिरा ट्रेड कन्सर्नप्रा.लि., काठमाण्डौ | ३५,५१,७६९।१२ | |

प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### विद्यार्थी नेताका हत्याराहरू भारत भागे : बंगलादेश प्रहरी

ढाका, १३ पुस (रासस/एएफपी) ।

बङ्गलादेश प्रहरीले आइतबार लोकप्रिय विद्यार्थी नेता सरिफ उस्मान हादीका कथित हत्याराहरू भारत भागेको जानकारी दिएको छ । यसले दुई छिमेकी देशको सम्बन्धमा थप तनाव उत्पन्न गर्न सक्ने खतरा औँल्याएको छ । गत वर्षको जनविद्रोहमा सक्रिय र मुखर भारतीय आलोचक हादीलाई यस महिनाको सुरुमा ढाकामा नकाबपोश आक्रमणकारीहरूले गोली हानेर घाइते पारेका थिए । उनलाई सिङ्गापुरको अस्पतालमा उपचारका क्रममा मृत घोषणा गरियो । उनको मृत्युपछि आक्रोशित भिडले भारत र एक प्रमुख सांस्कृतिक संस्थालाई समर्थन गर्ने दुईवटा समाचारपत्रसहित विभिन्न भवनमा आगजनी गर्दै हिंसात्मक विरोध प्रदर्शन थाले । देशभरि दैनिक विरोधका बीच फेब्रुअरीमा हुने आम निर्वाचनलाई मध्यनजर गर्दै हत्याराहरूलाई पक्राउ गर्न बङ्गलादेशको अन्तरिम सरकारमाथि दबाब बढिरहेको छ । ढाका मेट्रोपोलिटन पुलिसका वरिष्ठ अधिकारी एसएन नजरुल इस्लामले पत्रकार सम्मेलनमा भन्नुभयो, "हत्या पूर्वनियोजित थियो र यसको पछाडि रहेका व्यक्तिहरूको पहिचान गरिएको छ ।" सन्दिग्ध फैसल करिम मसूद र आलमगीर शेखले डिसेम्बर १२ मा हादीमाथि आक्रमण गरेपछि भारतसँगको हलुआघाट सीमा हुँदै बङ्गलादेश छोडेका थिए । सीमामा दुई भारतीय नागरिकले उनीहरूलाई स्वागत गर्दै उत्तरपूर्वी राज्य मेघालयमा लगे, जहाँ उनीहरू आफ्ना दुई सहयोगीसँग हस्तान्तरण भए । बङ्गलादेशी अनुसन्धानकर्ताहरू भारतीय समकक्षीहरूसँग सम्पर्कमा छन् र भारतका दुई सहयोगीलाई पक्राउ गरिएको छ ।

इस्लामले भन्नुभयो, "हामी मेघालय प्रहरीसँग कुराकानी गरिरहेका छौँ, जसले दुई भारतीय नागरिकको गिरफ्तारी पुष्टि गरेको छ ।" यद्यपि मेघालयका वरिष्ठ प्रहरी अधिकारीहरूले यसबारे कुनै टिप्पणी गरेका छैनन् । भारतीय विदेश मन्त्रालयले हादीको हत्यामा नयाँदिल्लीको संलग्नता रहेको आरोपलाई अस्वीकार गर्दै यसलाई 'झुटो विवरण' भनेको छ । पूर्वप्रधानमन्त्री शेख हसिनाले प्रजातन्त्र समर्थक विद्रोहको बेला भारतमा शरण लिँदा बङ्गलादेश र भारतबीच सम्बन्ध बिग्रँदै गएको छ । विद्रोहमाथि दमनको आरोपमा अनुपस्थितिमा मृत्युदण्डको सजाय पाएकी हसिनालाई सुपुर्दगी गर्ने ढाकाको अनुरोधलाई भारतले अझै विचाराधीन राखेको छ । यसैबीच, डिसेम्बर १८ मा भिडद्वारा एक हिन्दू गार्मेन्ट कामदारको हत्या भएको घटनाले सम्बन्धमा थप तनाव सिर्जना गरेको छ । मुस्लिम बहुल देशमा सुरक्षा अवस्था बिग्रँदै गएपछि गृह विभाग निरीक्षण गर्ने अन्तरिम नेता मुहम्मद युनुसका विशेष सहायक खुदा बख्श चौधरीले बुधबार राजीनामा दिनुभएको छ ।

### रुसमा अन्न उत्पादन उल्लेखनीय रूपमा बढ्ने प्रक्षेपण

मस्को, १३ पुस (रासस/सिन्ह्वा) ।

रुसको सङ्घीय तथ्याङ्क सेवाले सन् २०२५ मा देशको गहुँ उत्पादन नौ करोड १४ लाख टन पुग्ने अनुमान गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १० दशमलव ६ प्रतिशतले बढी हो । तथ्याङ्कअनुसार जौ उत्पादन १८ दशमलव ३ प्रतिशतले बढेर एक करोड ९७ लाख टन पुगेको छ । ओखतीको उत्पादन करिब एक चौथाइले वृद्धि भई ३८ लाख टन पुगेको छ भने कोदो उत्पादन ८ दशमलव ७ प्रतिशतले बढेर ३५ लाख टन पुगेको छ । दालजन्य बालीहरूको उत्पादन ऐतिहासिक रूपमा उच्च ८० लाख टन पुगेको छ, जसमा ५० प्रतिशतको उल्लेखनीय वृद्धि देखिएको छ ।यस वर्ष अन्न तथा दालजन्य बालीहरूको कुल अनुमानित उत्पादन १३ करोड ९४ लाख टन रहेको छ, जबकि सन् २०२४ मा यो परिमाण १२ करोड ५९ लाख टन थियो । यसैगरी, आलुको उत्पादन एक करोड ९५ लाख टन पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव ४ प्रतिशतले बढी हो । फलफूल तथा बेरी वर्गका बालीहरूको उत्पादन ४३ लाख टन पुगेको छ, जसमा सन् २०२४ को तुलनामा ८ दशमलव एक प्रतिशत वृद्धि भएको तथ्याङ्क सेवाले जनाएको छ ।

### सार्वजनिक स्वास्थ्य प्रतिरक्षण सेवामा पोर्चुगलको उल्लेखनीय प्रगति

लिस्बन, १३ पुस (रासस/सिन्ह्वा) ।

पोर्चुगलले आफ्नो पहिलो कोभिड१९ खोप अभियान सुरु गरेको पाँच वर्षको अवधिमा तीन करोड २० लाखभन्दा बढी खोप मात्रा वितरण गरेको छ । शनिबार सार्वजनिक स्वास्थ्य महानिर्देशनालयले सार्वजनिक गरेको तथ्यांकले यो जानकारी दिएको हो । राष्ट्रिय समाचार संस्था लुसाका अनुसार, पोर्चुगिज सार्वजनिक स्वास्थ्य समाजका अध्यक्ष तथा पूर्व स्वास्थ्य महानिर्देशक फ्रान्सिस्को जोर्जले यस उपलब्धिलाई 'अत्यन्त सकारात्मक' भन्दै खोप अभियानलाई निरन्तरता दिनु 'आधारभूत आवश्यकता' भएको बताउनुभयो । उहाँका अनुसार, औषधि तथा स्वास्थ्य उत्पादनसम्बन्धी पोर्चुगलको राष्ट्रिय निकायले सेप्टेम्बर २०२३ मा प्रस्तुत गरेको तथ्याङ्कअनुसार खोपका कारण पहिलो दुई वर्षमै करिब १२ हजार जनाको ज्यान जोगिएको छ । जोर्जले खोपको निरन्तर प्रयोग हुनु स्वाभाविक रहेको उल्लेख गर्दै, खोपहरू भाइरसका बदलिँदो स्वरूपअनुसार अनुकूलन हुँदै आएको बताउनुभयो । यसैबीच, पोर्चुगलले यस साता मौसमी रुघाखोकी र कोभिड-१९ विरुद्धको संयुक्त खोप अभियान सुरु गरेको छ । यस अभियानअन्तर्गत २५ लाख जनालाई मौसमी रुघाखोकी र १५ लाख जनालाई कोभिड-१९ विरुद्ध खोप लगाउने लक्ष्य राखिएको छ ।

# नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी

जनकपुरधाम, १३ पुस (रासस)।
नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेका मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग जनकपुरद्वारा शनिबार आयोजित 'नसर्ने रोगको न्यूनीकरणका लागि खानेपानीमा सुधार'सम्बन्धी जनचेतनामूलक कार्यक्रममा करिब ७१ प्रतिशतमा नसर्ने रोग देखिने गरेको जानकारी दिइएको हो।

मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख डा विपिनकुमार झाद्वारा प्रस्तुत विवरण अनुसार नसर्ने रोगका बिरामीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ। अहिले सर्नेभन्दा बढी नसर्ने रोगका बिरामी बढ्दै गएका उहाँले बताउनुभयो।

नसर्नेमा मुख्य गरी मुटु रोग, मधुमेह, क्यान्सर, तथा दीर्घ श्वासप्रश्वासका बिरामी रहेका डा झाले जानकारी दिनुभयो। उहाँले करिब ३० वर्ष अघि विश्व स्वास्थ्य सङ्गठनले नसर्ने रोगको समस्या जटिल हुने भएकाले त्यसबाट सचेत र सुरक्षित रहन आग्रह गरेको थियो।

नसर्ने रोगको मुख्य कारण मिसावटयुक्त अखाद्य प्रदार्थको प्रयोग, प्रदूषित हावापानी तथा जथाभावी खानपिन, शारीरिक रूपमा निष्क्रिय दैनिकीलगायत रहेकाले त्यसबाट सुरक्षित रहन जीवनशैली र खानपिनको बानीमा सुधार ल्याउनुपर्नेमा डा झाले जोड दिनुभयो। मधेस प्रदेशमा पनि उक्त समस्या बढ्दै गएको उहाँको भनाइ छ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले स्वास्थ्य समस्या समाधानका लागि सरकारी तथा गैरसरकारी निकाय हातोमालो गरेर अगाडि बढनुपर्नेमा जोड दिँदै बजेट कटौतीले आफ्नो कार्यालयले गुणस्तरीय सेवा दिन नसकेको गुनासो गर्नुभयो।

अहिले हृदयघात, मोटोपन, थाइराइड, महिलाको स्तन तथा पाठेघरको मुखको क्यान्सर, कलेजोको क्यान्सर, उच्च रक्तचापलगायत बिरामी अत्यधिक रहेकाले स्वास्थ्य सतर्कता अपनाउन उहाँले सबैलाई आग्रह गर्नुभयो।

आर्युवेद अस्पताल धनुषाका प्रमुख डा रुद्रनारायण ठाकुरले नसर्ने रोगको उपचार तथा नियन्त्रणका लागि आर्युवेद औषधिको प्रयोगसँगै योग र ध्यान प्रभावकारी बन्ने धारणा राख्नुभयो। आयुर्वेदमा जटिलभन्दा जटिल रोगको प्रभावकारी उपचार क्षमता विकास हुँदै गएको उहाँको भनाइ छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग जनकपुरका प्रमुख विमल दाहालले स्वस्थ जीवनका लागि स्वच्छ र गुणस्तरीय खानपिन आवश्यक रहेको उल्लेख गर्दै कार्यालयले खाद्य स्वच्छताका साथै न्यूनगुणस्तरीय खाद्यान्न उत्पादन तथा बिक्रीवितरण रोक्न नियमित अनुगमन तथा त्यस्ता वस्तुको प्रयोशालामा परीक्षण गरिरहेको जानकारी दिनुभयो।

जनकपपुरधाम उपमहागनरपालिकाअन्तर्गत विभिन्न वडाका महिला, समाजसेवी तथा विभिन्न कार्यालयका प्रमुखको सहभागिता रहेको उक्त कार्यक्रम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रमुख दाहालको अध्यक्षतामा सम्पन्न भएको थियो।

# टचाक्टरको ठक्करबाट दुई वर्षीया बालिकाको मृत्यु

**दैनिक समाचारदाता सर्लाही, १३ पुस।**
सर्लाहीको हरिपूर्वा नगरपालिकामा टचाक्टरको ठक्करबाट बालिकाको मृत्यु भएको छ। हरिपूर्वा-६ स्थित पोखरी नजिकै इँटा लोड गरिएको मधेस प्रदेश ०३-००१ त ८७०४ नम्बरको टचाक्टरले शनिबार दिउँसो ठक्कर दिँदा स्थानीय अफरोज साह फकिरकी दुई वर्षीया छोरी सोहानी साह फकिरको मृत्यु भएको हो।

बाटो काट्ने क्रममा टचाक्टरले ठक्कर दिँदा बालिका गम्भीर घाइते भएकी थिइन्। घाइते बालिकालाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल मलङ्वामा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। उनका अनुसार प्रहरीले टचाक्टर र त्यसका चालकलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको छ।

त्यस्तै सर्लाहीको धनकौल गाउँपालिका ५ स्थित भित्री सडकखण्डमा शुक्रबारराति टचाक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। ज.१त. ७०१३ नम्बरको टचाक्टर दुर्घटना हुँदा चालक धनकौल ४ मैनाथपुरका ३० वर्षीय अरुणराय यादवको सोही टचाक्टरले च्यापिएर मृत्यु भएको अवस्थामा शनिबार बिहान शव फेला परेको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिए।

# वीरगञ्जको सीमा नाकाबाट १ सय ६३ जना किशोरीको उद्धार

पर्सा, १३ पुस (रासस)।
वीरगञ्ज नाकाबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ६३ जना महिला तथा किशोरीको उद्धार गरिएको छ।

माइती नेपालले सन् २०२५ मा सीमा क्षेत्रमा निगरानी गरेर जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गरेको हो। माइती नेपाल वीरगञ्ज पर्साका पर्यवेक्षक गोमाकुमारी पौडेलले सीमावर्ती क्षेत्रबाट जोखिमपूर्ण अवस्थामा रहेका एक सय ३० जनालाई माइती नेपालको संरक्षणगृहमा राखिएको बताउनुभयो। "बाँकी ३३ जना महिला तथा किशोरीलाई भने नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइएको थियो", उहाँले भन्नुभयो।

माइती नेपालले सन् २०२४ मा सीमाक्षेत्रबाट एक सय ३५ जना महिला तथा किशोरीको उद्धार गरेको थियो भने सन् २०२३ मा भने एक सय ९२ जना महिला तथा किशोरीको उद्धार गरेको थियो।

"जोखिमपूर्ण अवस्थामा उद्धार गरिएकामध्ये ४० जना किशोरी १८ वर्ष मुनिका रहेका छन्", पर्यवेक्षक पौडेलले भन्नुभयो, "१९ वर्षमाथिको सङ्ख्या भने एक सय २३ जना रहेका छन् ।" माइती नेपालले सन् २०२५ मा करिब २० हजार दुई सय ३१ सवारीसाधनको जाँच गरेको थियो भने २२ हजार पाँच सय जनालाई मानव बेचबिखनविरुद्धको जनचेतनामूलक कार्यक्रम गरेको थियो।

# अन्तिम मतदाता नामावली प्रकाशित, सवा नौ लाख मतदाता थपिए

काठमाडौं, १३ पुस (रासस)।
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि शनिबार अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ।

गत प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा कुल एक करोड ७८ लाख ८८ हजार ५७० मतदाता रहेकामा यस पटक नौ लाख १५ हजार ११९ मतदाता थपिएका आयोगले जनाएको छ।

प्रकाशित नामावलीमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र अन्य २०० गरी कुल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता रहेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। उक्त नामावली आयोगको वेभसाइटमा प्रकाशन गरिएको छ।

मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम आयोगबाट शनिबार अन्तिम मतदाता नामावली प्रकाशन भएको हो।

मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिम प्रक्रिया पूरा गरी आगामी फागुन २० गते सम्ममा १८ वर्ष उमेर पूरा हुने नागरिकको विवरणलाई अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो।

यस्तै, आसन्न निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएका छन्।

# प्रतिनिधिसभा निर्वाचन : समानुपातिक निर्वाचनको बन्द सूची पेस गर्ने कार्यतालिका

काठमाडौँ, १३ पुस (रासस)।
प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत आइतबार राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची पेस गर्ने कार्यतालिकाका लागि सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार आइतबार र सोमबार दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची आयोगमा पेस गर्नुपर्ने प्रवक्ता नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो। दलले यही पुस १३ र १४ गतेसम्म पेस गरेका समानुपातिकतर्फको बन्द सूचीका बारेमा पुस १५ देखि २० गतेसम्म छानबिन गरिने उहाँले बताउनुभयो।

आयोगले पुस २० गतेसम्म बन्द सूची छानबिन गरेपछि पुस २१ गतेदेखि २७ गतेसम्म दललाई मिलाउन लगाउने कार्यतालिका छ। पुस २८ गतेदेखि माघ ३ गतेसम्म दलले मिलाएको बन्द सूची ठिक छ वा छैन भनी हेरिने आयोगले जनाएको छ। माघ ४ गते बन्द सूची प्रकाश गरिनेछ। माघ २० गते अन्तिम सूची प्रकाशन गर्ने पनि प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

सय वटा राजनीतिक दलले ९३ चिह्नमार्फत समानुपातिक प्रणालीतर्फको निर्वाचनमा सहभागी हुन दल दर्ता गराएका छन्। समानुपातिकतर्फको निर्वाचन प्रणालीमा भाग लिन दल दर्ता गराएका राजनीतिक दलले मात्र आइतबार र सोमबार बन्द सूचीतर्फका उम्मेदवारको सूची पेस गर्न पाउनेछन्।

# एक महिनाभित्र प्रदेशका सबै कर्मचारीको अभिलेख अद्यावधिक गर्न निर्देशन

धनुषा, १३ पुस (रासस)।
मधेस प्रदेश सरकारले एक महिनाभित्र प्रदेशका सबै स्थानीय तहलाई आफ्ना स्थायी कर्मचारीसम्बन्धी अभिलेख अद्यावधिक गर्न समयसीमा तोकेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमुख सचिवस्तरको निर्णयका आधारमा स्थानीय तहलाई पद र सिटरोल दर्ता तथा कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गरी आवश्यक कागजातसहित प्रदेश किताबखानामा बुझाउन निर्देशन दिएको हो।

कार्यालयका उपसचिव रोहितकुमार कोइरालाले हालसम्म प्रदेशअन्तर्गतका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीको भौतिक अभिलेख प्रदेश किताबखानामा प्राप्त नभएकाले अभिलेख व्यवस्थापनमा कठिनाइ भइरहेकाले यस्तो निर्देशन दिइएको बताउनुभयो।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ अनुसार सङ्गठन संरचना, पद दर्ता र कर्मचारी अभिलेख राख्ने जिम्मेवारी प्रदेश किताबखानाको भए पनि आवश्यक विवरण नपुगेका कारण काम प्रभावित भएको बताइएको उहाँले बताउनुभयो।

कार्यालयले सबै स्थानीय तहलाई स्वीकृत सङ्गठन संरचना तथा दरबन्दी विवरणसहित हाल कार्यरत स्थायी कर्मचारी (साविक सङ्घ, स्थानीय सेवा तथा अन्य सेवासमेत)का छुट्टाछुट्टै व्यक्तिगत फाइल तयार गरी एक महिनाभित्र बुझाउन निर्देशन दिएको हो।

# अस्थायी मतदाता सङ्कलन सुरु गरिने

काठमाडौँ, १३ पुस (रासस)।
निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता सङ्कलन सुरु गर्ने भएको छ।

आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा ३० तथा अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२ बमोजिम आयोगबाट अस्थायी मतदाता नामावली सङ्कलन कार्यक्रम स्वीकृत गरेको हो। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने मतदाताको विवरण यही पुस १९ देखि आगामी माघ १८ गतेसम्म सम्बन्धित निकायका कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारी अधिकारी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पठाउनुपर्नेछ।

सङ्कलित नामावली प्रकाशन र दावीविरोध तथा जाँचबुझ गरी अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिइ सञ्चालनमा रहेका वृद्धा अवस्थामा बसेका व्यक्तिहरू एवं संवैधानिक निकायका पदाधिकारीको नामावली सङ्कलन गरिनेछ आयोगले जनाएको छ।

# सर्वपक्षीय बैठकपछि निर्वाचनको माहोल बनेको छ : सञ्चारमन्त्री खरेल

पोखरा, १३ पुस (रासस)।
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राजनीतिक पार्टी, जेनजी समूहसहितको सर्वपक्षीय बैठकपछि आगामी फागुन २१ गतेको निर्वाचनको वातावरण बनेको बताउनुभएको छ।

सञ्चार मन्त्रालय र नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशद्वारा संयुक्त रुपमा यहाँ आयोजत अन्तरक्रिया कार्यक्रमको आइतबार यहाँ उद्घाटन गर्दै नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले सरकारको प्रतिबद्धता, निर्वाचन आयोगको तयारी र राजनीतिक पार्टीहरूको तदारुकताका कारण निर्वाचन सुनिश्चित भएको बताउनुभयो।

उहाँले प्रतिनिधिसभाको सदस्यका लागि निर्वाचनको माहोल बनेको उल्लेख गर्दै घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धताका साथ अघि बढेको सरकारलाई सहयोग गर्न सबैसँग अनुरोध गर्नुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*